आज मिति २०८२।०३।०५ गते विहिबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं ३ नं. वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | ६ नं. वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | ७ नं. वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | पार्वती | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | परिमाया | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. उद्गम तिमिल्सिना, वरिष्ठ लेखा अधिकृत

२. बासु पण्डित, वरिष्ठ शाखा अधिकृत

३. तेज कुमार धमला अधिकृत छैटौं

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

## कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची

बैठक संख्या: ५६
अध्यक्षता: श्री दान बहादुर गुरुङ
बैठक मिति: २०८२।०३।०५
बैठक स्थान: इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समय: विहान ९:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२।०३।०५ | ९:०० बजे | आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम सम्बन्धमा। | प्रशासन शाखा | १ |
| २०८२।०३।०५ | ९:३० बजे | आ.व. २०८२।०८३ को आर्थिक विधेयक सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | २ |
| २०८२।०३।०५ | १०:०० बजे | कर तथा गैर कर लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ सम्बन्धमा। | | ३ |
| २०८२।०३।०५ | १०:३० बजे | आ.व. २०८२।०८३ को विनियोजन विधेयक सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ४ |
| २०८२।०३।०५ | १०:४५ बजे | आ.व. २०८२।०८३ को बार्षिक योजना तथा कार्यक्रम (बजेट) सम्बन्धमा। | योजना शाखा | ५ |
| | | सत्रौं गाउँसभाको तयारी एवं सञ्चालन सम्बन्धमा। | प्रशासन शाखा | ६ |
| २०८२।०३।०५ | ११:४५ बजे | सडक सरसफाईकर्मी (Length Worker) राख्ने सम्बन्धमा। | प्रशासन शाखा | ७ |
| २०८२।०३।०५ | ११:५० बजे | | | |
| २०८२।०३।०५ | ११:५५ बजे | आ.व. २०८२।०८३ को बजेट तर्जुमामा खटिने कर्मचारीहरुलाई अतिरिक्त सुविधा उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ८ |
| २०८२।०३।०५ | १२:०० बजे | मुग्लिङ्ग हाईवे हस्पिटललाई अनुदान उपलब्ध गराउने सम्बन्धमा। | स्वास्थ्य शाखा | ९ |
| २०८२।०३।०५ | १२:०५ बजे | "थाकलडाँडा जाने मोटरबाटो स्तरोन्नती" योजना सम्बन्धमा। | योजना शाखा | १० |
| २०८२।०३।०५ | १२:१० बजे | आ.व. २०८१।०८२ को न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा। | न्यायिक शाखा | ११ |
| २०८२।०३।०५ | १२:१५ बजे | आ.व. २०८०।०८१ को लेखापरीक्षणको अन्तिम प्रतिवेदन सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | १२ |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| २०८२।०३।०५ | १२:२० बजे | आ.व. २०८१।०८२ मा गाउँपालिका र यस अन्तर्गतका निकायहरुबाट भएको सेवा प्रबाह सम्बन्धमा। | प्रशासन शाखा | १३ |
| २०८२।०३।०५ | १२:२५ बजे | गाउँ कार्यपालिकाले गरेका सम्पूर्ण निर्णयहरु अनमोदन सम्बन्धमा। | प्रशासन शाखा | १४ |
| २०८२।०३।०५ | १२:३० बजे | योजनाहरुको भुक्तानी अनुमोदन तथा फरफारक सम्बन्धमा। | योजना शाखा | १५ |
| २०८२।०३।०५ | १२:३५ बजे | करार कर्मचारीहरुको म्याद थप तथा व्यवस्थापन सम्बन्धमा। | प्रशासन शाखा | १६ |
| २०८२।०३।०५ | १२:४० बजे | महिला स्वास्थ्य स्वयंसेविका तथा गाउँपालिका अनुदानमा कार्यरत शिक्षकहरुको सेवा सुविधा सम्बन्धमा। | प्रशासन शाखा | १७ |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

**पूर्व बैठकको समीक्षा**

मिति २०८२।०२।०९ मा बसेको ५५ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**मिति २०८२।०३।०५ मा बसेको ५६ औं कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं.१:** बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्रस्ताब भई आएको आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम स्वीकृतिका लागि आगामी गाउँसभामा पेश गर्ने।

**निर्णय नं.२:** कर तथा गैर कर राजश्व लगाउने र उठाउने सम्बन्धमा बनेको विधेयक, २०८२ स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने।

**निर्णय नं.३:** राजश्व परामर्श समितिको परामर्श समेतका आधारमा आर्थिक प्रशासन शाखाबाट पेश हुन आएको आर्थिक विधेयक, २०८२ स्वीकृतिका लागि गाउँ सभामा पेश गर्ने।

**निर्णय नं.४:** इच्छाकामना गाउँपालिकाको विनियोजन विधेयक, २०८२ स्वीकृतिका लागि गाउँ सभामा पेश गर्ने।

**निर्णय नं.५:** बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश हुन आएको आ.व. २०८२।०८३ को बार्षिक योजना तथा कार्यक्रम (बजेट) स्वीकृतिका लागि गाउँ सभामा पेश गर्ने।

**निर्णय नं.६:** गाउँपालिकाको आगामी १७ औं गाउँसभा मिति २०८२ साल असार ८ गते आइतबारका दिन विहान १०:०० बजे गाउँ कार्यपालिकाको कार्यालयको सभाहलमा बस्ने गरी आव्हान गर्ने। साथै उक्त सभाको व्यवस्थापनको लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत कर्मचारी प्रशासनलाई निर्देशन दिने।

**निर्णय नं.७:** इच्छाकामना गाउँपालिकाको वडा नं.५ र ६ मा पर्ने मुख्य ग्रामिण सडकहरु बर्षाको समयमा बाढी तथा पहिरोको कारण बेलाबेलामा अबरुद्ध भईरहने हुनाले नालीबाट पानी कटाउने, खाल्टाखुल्टी पुर्ने, सानातिना पहिरो तथा अवरोधहरु हटाई सडकलाई बर्षाको समयमा पनि नियमित सुचारु गर्नको लागि २०८२ श्रावण १ गते देखि लागू हुनेगरी २०८१ आश्विन मसान्तसम्मको लागि शनिबार बाहेक अन्य दिनहरुमा दैनिक ज्यालादारीमा काम गर्ने गरी वडा कार्यालयहरुबाट सिफारिस भई आएका देहाय बमोजिमका व्यक्तिहरुलाई सडक सरसफाईकर्मी (Length Worker) को रुपमा काममा लगाउने।

देहाय:

| क्र.सं. | काम गर्नुपर्ने स्थान | सरसफाईकर्मीको नाम, थर र ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | वडा नं. ५ का मुख्य ग्रामिण सडकहरु | चन्द्र बहादुर गुरुङ, इ.गा.पा. वडा नं. ५ | |
| २. | वडा नं. ६ का मुख्य ग्रामिण सडकहरु | बिर बहादुर गुरुङ, इ.गा.पा. वडा नं. ६ | |

**निर्णय नं.८:** आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम, आर्थिक विधेयक, बार्षिक योजना तथा कार्यक्रम (बजेट) लगाएतको मस्यौदा तर्जुमाका लागि कार्यालय समय अघि र पछी खटिने कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप २०८२ साल जेठ र असार दुई महिनाको लागि सम्बन्धित कर्मचारीले खाईपाई आएको आधारभूत मासिक तलब बराबरको रकममा नियमानुसार कर कट्टी गरी अतिरिक्त सेवा सुविधा उपलब्ध गराउने।

... बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

... बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

**निर्णय नं.९:** इच्छाकामना -५, मुग्लिङमा रहेको मुग्लिङ हाईवे हस्पिटलले गाउँपालिकाका विपन्न परिवारको उपचार, गाउँपालिका क्षेत्रभित्र प्रहरीले पक्राउ गरेका व्यक्तिहरुको स्वास्थ्य परिक्षण, वेवारिसे व्यक्तिहरुको उपचारका साथै अन्य आकस्मिक औषधि उपचार सेवा प्रदान गरेबापत गाउँपालिकाको स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गतको 'अन्य सहायता' शिर्षकमा विनियोजित रकम मध्येबाट अधिकतम रु. २,००,०००।-(अक्षरेपि दुई लाख मात्र) अनुदान यस कार्यालयमा पेश गरेको बिल, भर्पाईका आधारमा उपलब्ध गराउने।

**निर्णय नं.१०:** आ.व. २०८१।०८२ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गतको "थाकलडाँडा जाने मोटरबाटो स्तरोन्नती" योजना कार्यान्वयन हुने भुगोल अस्पष्टताका कारण वडा नं. ७ र वडा नं. ५ दुईवटै वडा कार्यालयहरुबाट सम्झौता भई कार्य समेत सम्पन्न भएको तर एउटा योजनाको लागि मात्र भुक्तानी दिन सकिने बजेट विनियोजन भएकाले वडा नं. ५ मा कार्यान्वयन भएको योजनाको भुक्तानी हुन नसकेको हुँदा सत्रौं गाउँ सभाबाट योजना स्वीकृत गरी भुक्तानी बाँकी शिर्षकबाट रु. ३,००,०००।-(अक्षेरेपि तीन लाख मात्र) रकम भुक्तानी गर्ने।

**निर्णय नं.११:** आ.व. २०८१।०८२ को न्यायिक समितिको प्रतिवेदन गाउँसभामा पेश गर्ने।

**निर्णय नं.१२:** आ.व. २०८०।०८१ को लेखापरीक्षणको अन्तिम प्रतिवेदन गाउँसभामा पेश गर्ने।

**निर्णय नं.१३:** आ.व. २०८१।०८२ मा गाउँपालिका र यस अन्तर्गतका निकायहरुबाट प्रबाह भएका सेवाहरुको सम्बन्धमा गाउँसभामा छलफल गर्ने।

**निर्णय नं.१४:** आ.व. २०८१।०८२ मा गाउँ कार्यपालिकाले गरेका सम्पूर्ण निर्णयहरु अनमोदनका लागि गाउँसभामा पेश गर्ने।

**निर्णय नं.१५:** आ.व. २०८१।०८२ मा सञ्चालित योजनाहरु गाउँपालिका तथा वडास्तरीय अनुगमन समितिबाट अनुगमन भई भुक्तानीका लागि सिफारिस भई आएका योजनाहरुको भुक्तानी अनुमोदन तथा फरफारकका लागि गाउँसभामा पेश गर्ने।

**निर्णय नं.१६:** करार कर्मचारीहरुको म्याद थप तथा व्यवस्थापन सम्बन्धी प्रस्ताब गाउँसभामा पेश गर्ने।

**निर्णय नं.१७:** महिला स्वास्थ्य स्वयंसेविका तथा गाउँपालिका अनुदानमा कार्यरत शिक्षकहरुको सेवा सुविधा सम्बन्धी प्रस्ताव गाउँ सभामा पेश गर्ने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ्ग
गाउँपालिका अध्यक्ष